# राजभण्डार महाराजथानः सांस्कृतिक अध्ययन
# Cultural Study of Rajbhandar Maharajsthan

डा. लोकनाथ दुलाल

लेख सङ्कलन
२०७९-०५-०६

समीक्षकबाट प्राप्त
२०७९-०५-१२

स्वीकृत
२०७९-०५-१५

## लेखसार

ग्रामथान गाउँका स्थानीय मिलेर सामूहिक रूपमा ग्रामीण देउदेउताको पूजा उपासना गर्ने उद्देश्यले निर्माण गरिएका देवस्थल हुन् । स्थानीय क्षेत्रमा असल र उदाहरणीय कार्य गरी ख्याति आर्जन गरेका पञ्चराजाजी, ठाकुर सरदार, परी तथा अप्सरा, कुलनायक, पितृ, पुर्खा, पूर्वज, धामीधमियन जस्ता नायकका साथै वनजङ्गल, नदी खोला, पशुपंक्षीलाई देउता स्वीकार गरी सामूहिक रूपमा श्रद्धा भक्ति पूजा उपासना अर्पण गर्न ग्रामथान निर्माण गरिएको हो । ग्रामथानमा दैनिक मात्र होइन वार्षिकरूपमा मेला पर्व चल्दछ । ठूलो सङ्ख्यामा भोगबली चढाइन्छ । वार्षिकरूपमा लाग्ने मेला पूजा, भाकल तथा भोगबली ग्रामथानका विशिष्ट सांस्कृतिक परम्परा हुन् । प्रकृतिपूजक आदिवासी समुदायको बसोवास रहेका क्षेत्रमा ग्रामथान एवम् वार्षिकरूपमा चल्ने मेला पूजा परम्परा अस्तित्त्वमा देखिन्छन् । मोरङ जिल्लामा थारू, राजवंशी, धिमाल, माझी, झाँगड, बाँतर, सन्थाल, मुसहर जस्ता प्रकृतिपूजक समुदायको बसोवास पाइन्छ । त्यसोहुँदा यहाँ धेरैको सङ्ख्यामा ग्रामथान पाइन्छन् । त्यस्ता ग्रामथानहरूमध्ये यो लेख साविकको डाँगीहाट गाविस वडा नं १ हाल बेलबारी नगरपालिका वडा न.१० बलुवाहीस्थित राजभण्डार महाराजथानका सांस्कृतिक सम्पदासँग सम्बन्धित विविध पक्षको विश्लेषणका निम्ति तयार पारिएको हो । राजभण्डार को हुन् ? राजभण्डार महाराजथान कति पुरानो देवस्थल हो ? यस थानका प्रमुख उपासक समुदाय को को हुन् ? पूजा उपासना गरिने प्रमुख देउदेउता के के हुन् ? पूजा उपासनाको प्रक्रिया तथा पद्धति कस्तो छ ? भन्ने अनुसन्धानका समस्यालाई यो लेखले सम्वोधन गरेको छ । यस लेखमा प्राथमिक तथा द्वितीयक तथ्याङ्क विश्लेषण गरिएका छन् । यो गुणात्मक, विवरणात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित लेख हो ।

**Abstract**

The tradition of Gramthan Pooja is an important cultural practice in Nepal, which is in existence from the very early days. It is a tradition to honor and venerate different types of folk deities in the village

shrines collectively. This tradition is found especially in the Terai communities like Tharu, Rajabanshi, Dhimal, Yadhav, Majhi, Jhangar, Mushahar/Musher and so on. The village shrines are by constructed using local materials, technology and indigenous architectural style. In these pilgrimages, the local people offer special worship to their folk deities once a year on a particular day during the months of Baishakh, Jestha and Ashar. On the Occasion, a huge mela, a kind of fairis organized which is locally called Siruwa Mela in Tharu, Siruwa Pawani in Rajabanshi and Srijat or Dhandhange Mela in Dhimal community especially in Morang district of eastern Nepal. In many villages there are several gramthansi. e. village shrines which are considered as the commonsite of pilgrimages of the locality. This paper deals with the Rajbhandar Maharajthan located in the Belbari Municipality 10, Morang. It is based on primary and secondary data. Secondary data have been collected through the previous works whereas;primary data have been gathered through the field survey. During the field work observation, key informants interviews, focus group discussions and questionnaire methods and tools have been applied. It is based on qualitative approach and descriptive and analytical research design as well. Finally, this paper addresses the following research questions such as Who is the Rajbhandar Maharaj? What is hishistoricity? Which are the folk deities worshipped by the villagers? and What is the method of worship?

**शब्द कुञ्जिकाः-** राजभण्डार महाराज थान, देउदेउता, पूजाउपासना, भाकल भोग, धामीझाँक्री, पूजा सामग्री एवम् प्रसाद ।

## पृष्ठभूमि

आदिम युगदेखि नै मानिसले आफ्नो मनोकाङ्क्षा र उद्देश्य प्राप्तिका लागि अदृश्य एवम् अलौकिक शक्तिका रूपमा विभिन्न तत्त्वमाथि श्रद्धा, भक्ति तथा पूजाउपासना प्रकट गर्दैआयो । प्रारम्भमा मानिस प्रकृति पूजक थियो । अग्नि, जल, वायु, आकाश र पृथ्वी यी पाँचवटा तत्त्वलाई पञ्चभौतिक तत्त्वका रूपमा देवता मान्यो । तिनीहरूको उपासक बन्यो । निरन्तर पूजा उपासना गरिरह्यो (दुलाल, सन् २०१९) । संस्कृति तथा सभ्यताको विकास क्रमसँगै एक ईश्वरवाद, सर्वेश्वरवाद, बहुदेववादजस्ता धारणाको पनि विकास भयो । यो धारणाले मानव जगत्मा ईश्वरीय सत्तालाई अन्तिम सत्य मान्ने मत बलियोसँग स्थापित गरिदियो । बहुदेववादी धारणाको विकासले समाज एवम् समुदायमा थरिथरिका धार्मिक सम्प्रदायहरू जन्मिए । विभिन्न धार्मिक मतका नायकका रूपमा विभिन्न देवीदेवताहरू अस्तित्त्वमा आए । यो अवधारणाले नै ग्रामथान जस्तो सामूहिक रूपमा सम्पन्न गरिने पूजा परम्पराको विकासगर्न योगदान पुऱ्याएको हो (दुलाल, २०७५) । यस विषयमा दाहाल (२०७०) ले भनेका छन्:

> कुनै समयका मोरङ क्षेत्रमा ख्याति कमाएका राजा, पहलमान (कुस्तीवाज) धामी, नायक, सरदार, ठाकुर, परि तथा अप्सरा आदिको सम्झना गरी देवता मानेर (सम्झेर) पूजा गर्ने चलन पनि रहेको पाइन्छ । यस

प्रकारको पूजापद्धतिलाई नायकपूजा पनि भन्न सकिन्छ । घर-घरमा पूजा गर्दा घरको मात्र हित हुने तर ग्रामथानमा पूजागर्दा गाउँकै रक्षा हुन्छ भन्ने अवधारणाले ग्रामथान पूजाको विकास गऱ्यो । अतः गाउँलाई खडेरी, हैजा, प्राकृतिक प्रकोप, महामारी, दुःख-कष्टबाट बचाउन ग्रामथान पूजा गरिएको हुनुपर्दछ ।

गाउँघरमा सबैजना मिलेर विशेष उत्सवका अवसरमा विभिन्न प्रकारका देवी देवताहरूलाई सामूहिक रूपमा पूजाआजा गरिने स्थानलाई ग्रामथान भन्ने गरिन्छ (खतिवडा, २०६८) । स्थानीय क्षेत्रमा उपलब्ध प्राकृतिक वस्तु तथा स्रोत साधनलाई प्राकृतिक देउदेउता मानेर पूजागर्ने गर्दछन् । ग्रामथान यसमध्येकै एकप्रकारको विशिष्ट पूजा हो । गाउँले मिलेर गरिने भएकोले ग्रामथान पूजा प्रकृति पूजक थारु, धिमाल, मुसहर, झाँगड, वाँतर आदि सबैको साझा पर्व हो । यस सन्दर्भमा दुलाल (२०७४, पृ. ९३) लेख्दछन्:

ग्रामथान पूजा उपासना ग्रामदेउदेउता प्रति प्रकट गरिने श्रद्धा, भक्ति र अनुराग हो । गाउँ, समाज एवम् समुदायमा बसोवास गर्ने सबै वर्गका मानिसहरूले समानरूपमा सहभागिता जनाई आफू बसोवास गरेको घर, गाउँ, समुदाय, समाजको कल्याणका लागि ग्रामस्थानमा गाउँका देउदेवताको श्रद्धाभक्तिपूर्वक गरिने पूजाउपासनालाई ग्रामथान पूजा भनिन्छ । गाउँ, समाज, समुदायमा अतिवृष्टि, अनावृष्टि, बाढीपैरो, हैजा, महामारीजस्ता प्राकृतिक उपद्रव एवम् रोगव्याधि नलागोस्, खेतीपाती, बालिनाली सप्रियोस, भूतप्रेत, अनिष्ठकारी दृश्यअदृश्य शक्तिले गाउँमा नपिरोलून्, दोपाया एवम् चौपायाको रक्षा होस् भन्ने जस्ता सामूहिक कल्याणको भावनालाई सर्वोपरि मानेर स्थानीय क्षेत्रमा बसोवास गर्ने मानिसहरू मिलेर ग्रामथानमा ग्रामदेवताको पूजाउपासना गर्ने पवित्रकार्य नै ग्रामथान पूजा परम्परा हो ।

ग्रामथान एक प्रकारका धार्मिक स्थल हुन् । स्थानीय क्षेत्रमा बसोवास गर्ने सबै गाउँलेहरूले सामूहिकरूपमा पूजाआजा सम्पन्नगर्ने उद्देश्यले ग्रामथान निर्माण गरिन्छन् । यस्ता ग्रामथान घर गाउँको केही टाढा देवीदेवताको प्रतीक स्वरूप केही वस्तु स्थापना गर्न निर्माण गरिएका स-साना देवस्थल वा मन्दिर हुन् । मोरङ्ग क्षेत्रमा स्थानीयहरू त्यस्ता देवस्थलहरूलाई महाराजथान भनेर सम्बोधन गर्ने गर्दछन् (दुलाल, २०७०) ।

नेपालको भौगोलिक संरचना, धर्म, संस्कृति, परम्परा हेर्दा हिमाल, पहाड, तराई तीनवटै क्षेत्रमा विभिन्न नाम र रूपले विभिन्न देवी देवताको पूजा उपासना गर्ने गरेको देखिन्छ । गाउँघर एवम् समुदायको रक्षाका निम्ति ग्रामथान स्थापना गरी तिनीहरूमा विभिन्न देउदेउताको पूजागर्ने परम्परा निक्कै पुरानो परम्परा हो । हिमाली क्षेत्रमा माने र छोर्तेन, पश्चिम नेपालको पहाडी क्षेत्रमा मष्टा थान, पूर्वी नेपालका पहाडहरूमा देउराली थान र सम्पूर्ण तराई प्रदेशमा ग्रामथान निर्माणगरी आ-आफ्ना जात, धर्म, मूल्यमान्यताअनुसार देवीदेवताको पूजागर्ने चलन निकै महत्त्वपूर्ण मानिन्छ (दुलाल, २०७३) ।

ग्रामथान पूजाउपासना परम्परा एवम् संस्कृतिका लागि मोरङ्ग निकै महत्त्वपूर्ण जिल्ला हो । यस जिल्लाका विभिन्न गाउँ वस्तीहरूमा झण्डै सयको सङ्ख्यामा भन्दा धेरै ग्रामथानहरू पाइन्छन् । धनपाल थान, धनपाल गढीथान, महाराज थान, सभापुर थान, रणपाल महाराज थान, गिधनिया थान, सिधराह थान, तेतरिया थान, काँटा थान, थलाहा थान, केशलिया थान, मिर्चनियाथान, भमरी थान, वैजनाथ थान, वनिगामा थान, थप्परसिंह

महाराज थान, जोला महाराज थानयस क्षेत्रमा पाइने निकै महत्त्वपूर्ण थान हुन् (दुलाल, २०७७) । उक्त थानहरूमध्ये *राजभण्डार महाराजथानः सांस्कृतिक अध्ययन* शीर्षकको यो लेख बेलवारी नगरपालिका वडा नं १० बलुवाहीस्थित राजभण्डार महाराजथानको अध्ययनमा केन्द्रित छ ।

## अनुसन्धान समस्या

मोरङ्ग जिल्लामा कहिलेदेखि ग्रामथान पूजा पर्वहरू प्रारम्भ भएका हुन् त्यो सम्बन्धमा स्पष्ट रूपमा भन्न सकिने अवस्था छैन । त्यसैले ग्रामथान पूजा परम्पराको प्राचीनता तथा यस परम्परासँग सम्बन्धित अन्य विविध पक्षको खोजीगर्ने विषय अझ पनि अध्ययनकै विषय बनेको छ । राजभण्डार महाराजथानका विषयमा आजसम्म पनि शोधखोज भएका छैनन् । त्यसोहुँदा यो ग्रामथानको इतिहास, पूजाउपासना प्रक्रिया एवम् पद्धति, पूजा उपासनागरिने देउदेउता, धामीझाँक्री परम्परा, थान व्यवस्थापन पक्षजस्ता सन्दर्भहरूका विषयमा विना शोधखोज स्पष्ट भन्न सकिने अवस्था छैन । यी सन्दर्भहरू यस अनुसन्धानात्मक लेखले औंल्याएका प्रमुख समस्या हुन् । यिनै समस्याको सम्बोधनका निम्ति तलका प्रश्नहरू उठाइएको हो:

- राजभण्डार को हुन् र राजभण्डार महाराजथान कति पुरानो देवस्थल हो ?
- यस थानका प्रमुख उपासक समुदाय को को हुन् ?
- पूजा उपासना गरिने प्रमुख देउदेउता के के हुन् र पूजा उपासनाको प्रक्रिया तथा पद्धति कस्तो छ ?

## अनुसन्धानका उद्देश्य

ग्रामथानसम्वन्धी धारणा, मोरङ्ग जिल्लाका ग्रामथानका सङ्ख्या एवम् विशेषता, पूजाउपासना परम्पराको अवस्था, राजभण्डार महाराजथानको भौतिक संरचना तथा सम्पत्ति, यस ग्रामथानको धामी परम्परा एवम् व्यवस्थापन पक्षजस्ता विषयलाई यस लेखले सामान्य उद्देश्यका रूपमा सम्बोधन गरेको छ । यस बाहेक विशिष्ट उद्देश्य यस प्रकार छन् ।

- राजभण्डारको पहिचानका साथै महाराजथानको प्राचीनताका विषयमा शोधखोज गर्नु ।
- यस थानका प्रमुख उपासक समुदायका वारेमा जानकारी लिनु ।
- पूजा उपासना गरिने प्रमुख देउदेउताका बारेमा शोधखोज तथा पूजा प्रक्रिया र पद्धतिका विषयमा समीक्षा गर्नु ।

## अनुसन्धान विधि

यो लेख मोरङ्ग जिल्ला बेलबारी नगरपालिका वडा नं १० बलुवाहीमा स्थित राजभण्डार महाराज थानको मेला पूजाको सांस्कृतिक पक्षको अध्ययनमा केन्द्रित छ । प्रस्तुत लेखको प्रमुख लक्ष्य माथि उल्लिखित समस्याको सम्बोधन एवम् निर्धारित उद्देश्य परिपूर्ति गर्नु हो । यस लेखमा राजभण्डार महाराजथानसँग सम्बन्धित विविध पक्ष खासगरी ग्रामथानको इतिहास, वास्तुशैली, पूजाउपासना प्रक्रिया एवम् पद्धति, पूजा उपासना गरिने देउदेउता, पूजा सामग्री एवम् प्रसाद, धामी परम्परा, मेला पूजा व्यवस्थापन र संरक्षणको अवस्था आदिजस्ता

विषयको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । यस लेखमा प्राथमिक तथा द्वितीयक दुवै प्रकृति तथा स्रोतका तथ्याङ्कहरू विश्लेषण गरिएका छन् । प्राथमिक तथ्याङ्क कार्यक्षेत्र अध्ययनबाट सङ्कलन गरिएका हुन् । स्थलगत अध्ययनका क्रममा अवलोकन र अन्तर्वार्ता विधि अवलम्बन गरी अध्ययनका लागि आवश्यक तथ्याङ्क एवम् सूचना सङ्कलन गरिएको हो । यसका साथै द्वितीयक तथ्याङ्क भने पूर्वकार्य समीक्षाबाट सङ्कलन गरिएका हुन् ।

## नतिजा तथा छलफल

यो प्राथमिक तथा द्वितीयक तथ्याङ्कमा आधारित अध्ययन हो । यस अध्ययनका निमित्त आवश्यक तथ्याङ्क एवम् सूचना स्थलगत सर्वेक्षण र पूर्वकार्य समीक्षाद्वारा सङ्कलन गरिएका हुन् । प्राप्त तथ्याङ्क एवम् सूचना विश्लेषणका आधारमा अध्ययनको उपलब्धिका रूपमा राजा राजभण्डार महाराज थानसँग सम्बन्धित विविध पक्षको विश्लेषणसहितको विवरण यहाँ समावेश भएका छ । अध्ययनको नतिजा र छलफल प्रस्तुतीकरणका क्रममा राजभण्डार महाराजको परिचय, अवस्थिति, प्राचीनता, वास्तुशैली, मेला पूजाको समयक्रम, मेला पूजा प्रक्रिया एवम् पद्धति, पूजा उपासना गरिने प्रमुख देउदेउता, पूजा सामग्री एवम् प्रसाद, धामी तथा पुजारी परम्परा, प्रमुख उपासक समुदाय, ग्रामथानको नेतृत्व एवम् व्यवस्थापन पक्ष, ग्रामथान संरक्षणको अवस्था उपशीर्षकअन्तर्गत सम्बन्धित पक्षको विश्लेषण गरी निष्कर्ष समावेश गरिएको हो ।

## राजभण्डार महाराजको परिचय

राजभण्डार महाराजथानमा पहिलो पूजा रासति महाराजको हुन्छ । स्थानीयकाअनुसार राजा सति महाराज राजभण्डारका बाबु हुन् । वार्षिकरूपमा गरिने पूजामा धामीले सबैभन्दा पहिले रासति महाराजलाई थानमा आव्हानगरी आसन दिन्छन् । त्यसपछि मात्र अन्य देउदेउतालाई बोलाउने र आसन ग्रहण गराउने चलन छ (दुलाल, ई २०२०) । आव्हानगर्ने र आसन दिने यो प्रणाली यस ग्रामथानका सबैभन्दा महत्त्वपूर्ण देउता सति महाराज हुन् भन्ने सन्दर्भको पुष्टि आधार हो । अतः स्थानीयहरूले जानकारी दिएअनुसार नै राजभण्डार महाराज रासति महाराजका छोरा हुनुपर्दछ । बाबु भएका कारण छोरा राजभण्डारको पूजाहुने थानमा यिनलाई महत्त्व दिइएको हो ।

रासति महाराज कुनै समयमा मोरङ्ग भेगका नाम चलेका ठूला शासक थिए । यिनको मुख्य प्रभाव भूमि साविकको टङ्कीसिनवारी क्षेत्र थियो । साविकको टङ्कीसिनवारी गाविस वडा नं १ हाल बुढीगङ्गा गापा १ मा रासति महाराजको प्रमुख थान छ । साथै साविकको विराटनगर उपमहानगरपालिका वडा नं ४ हाल विराटनगर मनपा ३ को राजवंशी चोक र साविक विराटनगर वडा नं ५ हाल विराटनगर मनपा ४ को कञ्चनबारीमा यिनका शाखा थान छन् । यस क्षेत्रमा थारु जातिको घना बसोवास छ । त्यसोहुँदा रासति महाराज थारु समुदायका हुनुपर्दछ । हिजोआज पनि यहाँका धामी वा पुजारी, गहदार र बेहरी सदस्य पनि थारु जातिकै छन् (दुलाल, २०७०) । यी सन्दर्भहरूले रासति महाराज थारु समुदायका हुन् भन्ने पुष्टि गर्दछन् । यद्यपि रासति महाराज धिमाल समुदायमा पूजाउपासना गरिने सातभाइमध्ये एक मानिन्छन् (दाहाल, २०३६) ।

राजभण्डार बलुवाही वरिपरिका नाम चलेका प्रसिद्ध व्यक्ति थिए। यस क्षेत्रमा पहिला यिनकै शासन थियो। त्यसैले यिनलाई यस क्षेत्रमा स्थापनागरी पुजिएको हो । यिनलाई कोही अगेनो र कसैले भकारीको देवताका रूपमा पूजा गर्दछन् (दिवस, २०३९) । राजभण्डार महाराजको यो थान धिमाल जातिको घना बसोवास रहेको क्षेत्रमा छ। यस थानका धामी धिमाल जातिकै छन्। थानको व्यवस्थापन पनि धिमाल जातिले नै गरेका छन्। प्रमुख उपासक पनि धिमाल जातिकै हुन् । यस सन्दर्भले रासति महाराजको अन्त्यपछि उनका छोरा राजभण्डारले साविकको डाँगिहाट गाविसको बलुवाहीलाई आफ्नो छुट्टै प्रभाव क्षेत्रका रूपमा विस्तार गरे । त्यहीँको नायक बनि अधिकार जमाएका हुन् भन्ने सङ्केत गर्दछ ।

धिमाल जातिले पूजाउपासना गर्ने सात महाराजमा रासति महाराजको नाम मात्र स्पष्ट रूपमा आएको छ । अन्य कोको थिए त्यसको विवरण पाइदैन । यस क्षेत्रमा राजभण्डार, थप्पर सिंह महाराज, राजा जोला महाराज जस्ता नाम चलेका ग्रामथान छन् । त्यसोहुँदा राजभण्डार, थप्परसिंह र जोला महाराज सातभाइ महाराजअन्तर्गत पर्ने नायक हुनुपर्दछ ।

## अवस्थिति

धार्मिक तथा सांस्कृतिक पक्ष, पूजाउपासना विधि प्रक्रिया र पद्धतिका दृष्टिले राजभण्डार महाराजथान मोरङ्ग जिल्लाको महत्त्वपूर्ण देवस्थल हो । यो थान साविकको डाँगीहाट गविस वडा नं १ हाल बेलबारी नगरपालिका वडा नं.१० बलुवाहीमा रहेको छ । लगभग एक बिघा जमिन क्षेत्रमा फैलिएको यो थानका नाममा भने १० कठ्ठा जमिनभन्दा बढी दर्ता छैन । स्थानीयहरूले दिएको जानकारीअनुसार बाँकी १० कठ्ठा ऐलानी जग्गा हो । त्यो पनि थानका नाममा दर्तागर्ने प्रक्रिया अगाडि बढाएको छ (अन्तर्वार्ताः शेरबहादुर धिमाल) ।

पूर्वपश्चिम महेन्द्र राजमार्गको भाउन्ने डाँगीको अमरमार्गबाट झण्डै ५ कि.मि. दक्षिणतर्फ अवस्थित यो ग्रामथानका आफ्नै प्रकारका विशेषता छन् । मोरङ्ग जिल्लाको सदरमुकाम विराटनगर बजारबाट उत्तरपूर्वी दिशातर्फ रहेको यो ग्रामथानसम्म पुग्नका लागि मूलतः दुईवटा सडक प्रयोग गर्न सकिन्छ। विराटनगरबाट ईटहरी हुँदै महेन्द्र राजमार्गको भाउन्ने डाँगी अमरमार्ग सडक बढि प्रयोगमा आउने मार्ग हो । यहाँसम्म पुग्ने दोस्रो मार्ग विराटनगर विराटचोक सडक खण्डको नेताचोकबाट बाहुनीहुँदै भाउन्ने डाँगी पुग्ने अमरमार्ग खण्ड हो । यो सडक प्रयोगगर्दा झण्डै ३० कि.मि. दूरी पूरा गर्नुपर्दछ। दुवैतर्फको जुन सडक प्रयोग गरे पनि ग्रामथानसम्म पुग्ने मुख्य बाटो अमर मार्ग नै हो। अमरमार्गको नारायण चोकको दक्षिणपूर्वतर्फ १ कि.मि.दुरीमा यो ग्रामथान अवस्थित छ ।

## प्राचीनता

राजभण्डार महाराजथान कति पुरानो हो । यहाँ कहिलेदेखि मेला पूजा हुँदैआएको छ भन्ने विषयको स्पष्ट जानकारी दिने ऐतिहासिक प्रमाणहरू पाइदैनन् । त्यसैले यो थानको इतिहासका विषयमा प्रष्ट रूपमा भन्न सकिने आधार छैन । यो धिमाल समुदायसँग सम्बन्धित ग्रामथान हो । हुनत ग्रामथान क्षेत्रमा राजवंशी

समुदायको पनि बसोवास छ । यद्यपि यहाँको मेलापूजा प्रक्रिया, पद्धति एवम् धामी परम्पराजस्ता तथ्य एवम् घट्नाहरूले यो थान धिमाल समुदायसँग सम्बन्धित हो भन्ने सङ्केत गर्दछन् । यो ग्रामथान र यहाँ बसोवास गर्ने धिमाल जातिका बीचमा अत्यन्त निकटतम सम्बन्ध रहेको छ । ग्रामथान एवम् धिमाल जातिको सम्बन्धका साथै यस क्षेत्रमा धिमाल जातिको बसोवासको इतिहास विश्लेषण गर्न सकेमा यो ग्रामथान कति पुरानो हो भन्ने विषयको अनुमान लगाउन सकिन्छ ।

बेलवारी न.पा.को यस क्षेत्रमा धिमाल जातिको बसोवास कति पुरानो छ वा यो समुदाय यस क्षेत्रमा कहिलेदेखि बसोवास गर्दैआएको हो भन्ने विषयको सूचनादिने भरपर्दो प्रमाण पाउन सकिदैन । धिमाल जातिको विषयमा अध्ययन अनुसन्धान गर्ने कतिपय विद्वान्हरूले यो जातिको बसोवास प्रारम्भमा मोरङ्ग जिल्लाको साविकको भोगटेनी गाविसमा रहेको र त्यहाँबाट पछि दक्षिण तथा पूर्वतर्फ बसाई सर्दैगएको हो भन्नेतर्फ सङ्केत गरेका छन् (धिमाल, २०६६) । वास्तवमा साविकको भोगटेनी गाविस हाल लेटाङ्ग नगरपालिका वडा नं १ को ठूलो धिमालगाउँ रहेको ठाउँलाई हिजोआज धिमाल डाँडा भन्ने गरिन्छ । धिमाल समुदायमा लाग्ने जात्री मेला धिमाल डाँडामा बैशाख १ र २ गते लाग्ने मेलाबाट प्रारम्भ हुन्छ । पछि धिमाल गाउँमा रहेका अन्य ग्रामथानमा सर्दै जान्छ (दुलाल, सन् २०१९) । धिमाल जातिसँग जोडिएका यी सन्दर्भले निश्चितरूपमा यो जातिको बसोवास रहेको पुरानो थलो भोगटेनीको धिमालडाँडा थियो । पछि त्यहींबाट अन्यत्र बसोवास बिस्तार गरेका हुन् भन्ने सूचना दिएको छ । तर यस तर्कले बेलबारी नगरपालिका क्षेत्रमा यिनीहरूको बसोवास कहिलेदेखि रहँदै आएको हो भन्ने विषयलाई पुष्टि गर्नसक्दैन ।

भोगटेनीको धिमाल डाँडाबाट वि.स. १९७६ देखि धिमाल समुदायका मानिसहरू दक्षिणतिर बसाईसर्न थालेका हुन् । जब लाख र मालका रूपमा सरकारी निकायबाट भूमि छुट्याउने कार्य भयो, त्यसपछि लाखलाई किपट र माललाई तराईको चुरे पर्वतको दक्षिणभाग भनी तोकियो (धिमाल, २०६६) । सायद यसै बेलादेखि धिमाल जातिको बसोवास अन्य क्षेत्रमा बिस्तार हुन थालेको हो । साविकको डाँगीहाट गाविस हाल बेलबारी नगरपालिका र साविकको भोगटेनी गाविस हाल लेटाङ्ग नगरपालिकाको अति निकटमा पर्ने स्थान हुन् । भोगटेनीबाट तराईतर्फ झरेका धिमालहरूले सुरुदेखि नै बेलवारी क्षेत्रमा बस्ती बिस्तार गरेको हुनुपर्दछ । यस तथ्यलाई आधार मान्ने हो भने झण्डै आजभन्दा एकसय वर्षअघि धिमाल समुदायको बसोवास यस क्षेत्रमा बिस्तार भइसकेको विश्वास गर्न सकिन्छ । तर स्थानीयहरू यो तथ्यप्रति विश्वास गर्दैनन् । उनीहरूकाअनुसार यस ठाउँमा ५/६ पुस्ता अघिदेखि नै धिमाल समुदायको बसोवास रहेको थियो । हामीले जान्दा र हामीलाई हाम्रा बाबु, बाजेले बताए बमोजिम यहाँ हाम्रो बसोवास ३/४ सयवर्ष अघिदेखि रहँदै आएको हो (अन्तर्वार्ता: शेरबहादुर धिमाल) । प्रस्तुत तथ्यका आधारमा यस क्षेत्रमा कम्तिमा दुई तीन सय वा सोभन्दा अघिदेखि नै ग्रामथान रहेको एवम् मेलापूजा हुनेगरेको थियो भन्न सकिन्छ ।

## वास्तुशैली

राजभण्डार ग्रामथान परिसरमा तीनवटा थानका साथै एउटा धर्मशाला छ । राजा राजभण्डार महाराज यहाँका मुख्य देवता हुन् । त्यसोहुँदा मुख्य थानमा यिनको पूजा हुन्छ । यो थान १७.९फिट लम्बाई, १३.७ फिट चौडाई

र ५.३ फिट उचाइको छ । यहाँको दोस्रो थान ११.२ फिट लम्बाइ, ८.१ फिटचौडाई र ५.६ फिट उचाइ एवम् तेस्रो थान ११.१ फिट लम्बाई, ८.५ फिट चौडाई र ५.४ फिट उचाइका छन् । थान बाहेक यात्रुहरूको सुबिधालाई ध्यानमा राखी एउटा धर्मशाला अर्थात् जाग्राम भवनसमेत निर्माणाधीन अवस्थामा देखिन्छ । ३७.१ फिट लम्बाई, १९.५ फिट चौडाई र ८.३ फिट उचाईरहेको यो जाग्राम भवनमा १० वटा सिमेण्टेड खम्बा र बिम छन् । जस्ताको पाताले छाएको यो विश्राम गृह मेलाको अघिल्लोदिन पूजाआजा र जाग्राम बसी नाचगान, भजनकीर्तन गर्न प्रयोग गरिन्छ । यो जाग्राम भवन वि.स. २०६८ बाट निर्माणगर्न थालिएको हो ।

यहाँका तीनवटै थान प्रारम्भमा हालको जस्तो वास्तुशैलीका थिएनन् । आजदेखिने यो थानको वास्तुरचना लगभग ४०/४५ वर्षअघि निर्माण गरिएको हो । चारैतिर ईटको ५.२ फिट अग्लो पर्खालले घेरेको मुख्य थानको प्रवेशद्वार पश्चिमतर्फ छ । छानो अड्याउन काठका कोरा बत्ति प्रयोग गरिएका छन् । स्थानीयकाअनुसार यहाँका थानहरू प्रारम्भमा काठका ८/१० वटा खम्बा गाडेर जस्ताको पाताले छाएका थिए (अन्तर्वार्ताः शेरबहादुर धिमाल) । मोरङ्ग जिल्लाका ग्रामथान निर्माणगर्दा मूलतःचौवाडी र पाग्री वास्तुशैलीको प्रयोग गरिएको पाइन्छ (दुलाल, २०७५) । यहाँका थान पनि चारै तिरबाट छानो झारेका मूलतः चौवाडी वास्तुशैलीका छन् । थानको पर्खालमा निलो रङ्गले पोलिस गरेको छ । थानभित्र देउदेउताका मूर्तिलगायत अन्य सजावट पाइदैन । मूलथानको मुख्य पूजास्थलमा दुईवटा माटाका हात्ती, ससाना त्रिशूल र दुईवटा साना घण्टा मात्र छन् ।

## मेला पूजाको समयक्रम

धिमाल जातिमा पारिवारिक र ग्रामीण गरी दुईतहका चाडपर्व उत्सव हुन्छन् । सर्वाधिक महत्त्व र लोकप्रिय सामाजिक चाड सिरिजात हो । यो चाड वर्षा शुभारम्भको समय जेठ असारमा मनाइन्छ । असारमा मनाइने हुनाले यसलाई धिमालहरूअसारे पूजा पनि भन्दछन् । यसदिन धिमाल गाउँका ग्रामथानमा जातिरी वा ढङ्गढङ्गे मेला पनि लाग्दछ । यस चाडमा ग्रामीण देवतालाई माटाका हात्ती तथा घोडा चढाउने, आँगनमा देवता चढ्ने चढाउने, थानमा जाग्राम बस्ने, धारी (लगौंटी) निचोर्ने, पुरिचाका (टाउको) खाने, चिजुराईका (घरघरमा देवतालाई पानी छर्कने), ढोल प्रतियोगिता जस्ता कार्य सम्पादन हुन्छन् । नजिकका गाउँका आफन्त, मित्र, बन्धु-बान्धव मेजमानी लाग्न आउँदछन् । भोजका रूपमा मासुभात, जाँडरक्सी खाने र खुवाउने चलन छ (दिवस, २०३५) ।

वार्षिकरूपमा चल्ने मेला धिमाल समुदायसँग सम्बन्धित हरेक ग्रामथान अर्थात् महाराज थानहरूमा लाग्ने गर्दछन् । यस्ता मेलालाई धिमाल समुदायमा ढङ्गढङ्गे मेला भन्ने चलन छ । मेला सामान्यतः दुईदिनसम्म चल्दछन् । यद्यपि यसको तयारी धेरै दिनअघिबाट हुन्छ । मेला सम्पन्न गरेका दृश्यले यिनीहरूको दैवीशक्ति, भूतप्रेत, पितृ आदिमा गहिरो विश्वास रहेको पुष्टि गर्दछ । यो पर्वलाई यिनीहरूले उभौलीका रूपमा मनाएको हुनुपर्दछ । यो कृषिका लागि प्रारम्भिक तयारी हो । सुँगुर, हाँस, कुखुरा बलि दिन्छन् । प्रत्येक परिवारबाट एक न एकजना सदस्य गाउँका अन्य सबैका घरगई भोजमा सामेल हुनुपर्दछ । जाँड, रक्सी, मासुले लठ्ठ हुँदै ढोल, धमला, उडनी बजाएर नाच्दै गाउँदै मनोरञ्जन लिन्छन् । यो धिमाल जातिको ठूलो पर्व हो । यो मेला बैशाख जेठतिर लाग्दछ । धिमालहरूले ढङ्गढङ्गे मेलाको प्रारम्भ कृषिमा आत्मनिर्भर हुन थालेपछि गरेको

हुनुपर्दछ । खेतीपाती राम्रो होओस्, बाली सप्रियोस, भूतप्रेत शान्त रहुन भन्ने मूल कामनाका साथ ढङ्गढङ्गे मेला लगाउने गर्दछन् । ढङ्गढङ्गे मेलापर्वमा धिमालहरू आफ्ना पितृको पूजाउपासना गर्दछन् । पितृका नाममा ब्राम्हण, क्षेत्री वा हिन्दू परम्परामा जस्तो पिण्डदान गर्दैनन् । बलिदिएर श्राद्धकर्म पुरा गर्दछन् । विशेषगरी न्वागीपर्व तथा ढङ्गढङ्गे मेलामा आफ्ना पूर्वज वा पितृको पूजागर्ने चलन छ (रेग्मी, २०३५) ।

सिरिजात र जात्री मेलाका रूपमा ग्रामथानमा धिमालहरू दुई किसिमले पूजा गर्दछन् । मेला नलगाई पूजा मात्रगरी आफन्तलाई निम्तामा बोलाई भोज खुवाउने कार्य सिरिजात हो । मेला लगाई आफन्तलाई बोलाई भोज खुवाउने पूजालाई भने जात्रीमेला भन्ने गर्दछन् (धिमाल, २०६६) । यसै सिद्धान्तअनुसार राजभण्डार महाराज थानमा पनि जात्रीमेला लाग्दछ । यहाँ हिजोआज बिगत ९/१० वर्षदेखि असार २ गते ठूलो मेला लाग्ने गरेको छ । हुनत पहिलादेखि नै यहाँ मेला लाग्दै आएको थियो । पहिला असाडको पहिलो ७ दिनभित्र लगाउने गर्दथे । पछि असाढ महिनाको पहिलो सोमबार लगाउन थालियो । दिन निश्चित नहुँदा मेलापर्व आयोजक समितिका साथै थानका मुख्य धामी तथा श्रद्धालु भक्तजनहरूलाई समेत विभिन्न प्रकारका समस्या आइपरे । अतः बिगत तीनवर्ष अघिबाट असार २ गते लगाउन थालिएको हो (अन्तर्वार्ताः शेरबहादुर धिमाल) । यतिमात्र होइन विगतमा यो थानमा विधिवतरूपमा मंसिर र असारमा वर्षको दुईपटक पूजा गरिन्थ्यो । मंसिरमा गरिने पूजालाई न्वागीपूजा र असारमा गरिने पूजालाई ढङ्गढङ्गे पूजा भनिन्थ्यो । न्वागी पूजा तिहारको १५-२० दिन पछि मंसिरमा हुन्थ्यो । न्वागीमा पनि ढङ्गढङ्गे मेलामा जस्तै बली चढाइन्थ्यो । एकजोर परेवा र एउटा बोकाको भोगदिने चलन थियो । हिजोआज न्वागी पूजा पनि असाढ महिनामा मेलाकै दिनमा गर्दछन् । न्वागीपूजा गरेपछि मात्र नयाँ धानको चामल खाने चलन थियो । अहिले जुन समयमा जे पाक्दछ र फल्दछ त्यो थानमा चढाउने र खाने गर्दछन् (अन्तर्वार्ताः चर्तुभुज बंगलायली) ।

## मेला पूजा प्रक्रिया एवम् पद्धति

राजभण्डार महाराजथानमा मुख्य जात्रीमेला चल्ने दिनभन्दा एकहप्ता अघिबाट नै मेलाको तयारीगर्न प्रारम्भ गरिन्छ । थान सफासुग्घर, साँझमा धूपदीप प्रज्वलन, धामीलाई निम्तागर्न जाने र पूजा खर्च जुटाउने कार्य प्रारम्भ गर्ने गतिविधि एकहप्ता अघिबाटै सञ्चालन गर्दछन् । मुख्य पूजाको एकदिन अघि सर्वप्रथम ग्रामथान पूजाका सबै बेहरी सदस्यका घरबाट कम्तिमा पनि एकएकजना अनिवार्य रूपमा माझीको घरमा जानुपर्दछ । माझीको घरको दलानमा लिपपोतगरी प्रारम्भिक पूजा गर्दछन् । यसबेला एकजोर परेवा बलि चढाउनु पर्दछ । यो पूजा पनि जाग्राम पूजा नै हो । यसपछि ढोल ढ्याङ्ग्रा बजाउदै लगभग रातको १० बजे धामीलाई लिएर सबै गाउँलेहरू ग्रामथानमा आउँदछन् । ढोल बजाउने धिमाल जातिकै मानिस हुन्छन् । रातको १ बजेबाट थानमा जाग्राम पूजा प्रारम्भ हुन्छ । यसदिन एउटा बोका बलि दिइन्छ । उक्त मासु प्रसादको रूपमा त्यहाँ उपस्थित हुने सबैले खान्छन् । जाग्राम भवनमा बसी रातभरी गीत गाउने र नाच्ने परम्परा छ । जो व्यक्तिको घरबाट जगर्ना पूजामा कोही पनि सदस्य उपस्थित हुँदैनन् त्यस्तो घरको मुलीले काँटी (किल्ला) ठोकेको घोडामा बस्नु पर्दथ्यो । निश्चित समयसम्म नबस्ने व्यक्तिले ५ रूपैया जरिमाना बुझाउँदथे । तर हिजोआज यो परम्पराको अन्त्य भएको छ । जर्गनाका दिन माझीकहाँ लगेको ९ वटा माटाका हात्तीघोडा थानमा ल्याइन्छ । पूजा गरिन्छ । ती हात्तीघोडा पूजा गर्नुको अर्थ जङ्गली जनावरहरूले बाली नाली नष्ट नगरुन् भन्ने हो (अन्तर्वार्ताः शेरबहादुर धिमाल) ।

मेलाको मुख्यदिन ग्रामथानमा मानिसहरूको आउने जाने क्रम प्रारम्भ हुन्छ । भाकल गर्नेहरूले आफूले गरेको भाकलअनुसारका सामग्री ल्याउन थाल्दछन् । धामी नुहाई धुवाई नयाँ धोतीलगाई पूजाको निम्ति तयार हुन्छन् । धामीलाई सहयोगगर्ने एउटा पथियार हुन्छन् । तिनलाई धिमाल भाषामा अन्का भनिन्छ । मेलाका दिन संस्थाका तर्फबाट एउटा पाठी, एउटा पाठो, एउटा सुँगुर, सातजोर परेवा, सातजोर हाँसको अण्डा, कुखुराको एउटा भाले, एउटा पोथी, १० लिटर दूधको खीर, एककाइयो मालभोग केरा, चिनी, लडडु, पेडा, पान, सुपारी, धूपबत्ति आदिको व्यवस्था गर्नुपर्दछ । यदि सुँगुर बलिदिन सकिएन भने त्यसको बदलामा एकजोडी हाँसका भालेपोथी अनिवार्य रूपमा चाहिन्छ ।

राजभण्डार ग्रामथानमा सर्वप्रथम राजा सतिमहाराज वा रासतीको पूजा हुन्छ । रासती महाराज राजभण्डारका बाबु हुन् । त्यसैले यिनले पहिलो पूजा खान्छन् । खेतबारीमा लगाएको बाली अनाज नष्ट नहोओस्, केटाकेटी बुढापाकालाई कुनै महामारी रोगव्याधिले नसताओस् भन्ने कामनाका साथ यिनको पूजा गरिन्छ । यिनलाई विशेषगरी पान प्रसाद चढाउँदछन् । राजसति पछि दोस्रो पूजा राजभण्डार महाराजलाई दिइन्छ । यिनलाई एउटा बोकाको बलि चढाउँछन् । राजभण्डार पछि यिनका धामीको पूजा तेस्रो स्थानमा हुन्छ । राजभण्डार महाराज थानमा हामपाइला धामी, कौवाधामी र गुर्जमान धामी हालका सिर्तीमान धामीभन्दा अगाडिका पुर्खौली धामी हुन् । त्यसैले यिनीहरूका निम्ति पनि भोग बलि दिइन्छ । यसपछि सबै देवीदेवताहरूलाई आह्वानगरी राजभण्डारलाई चढाएका सामग्री बाँडेर भागलिनु भन्ने मन्त्रोच्चारणगर्दै विभिन्न सामग्री अर्पण गर्दछन् । राजभण्डार महाराजको पूजा पछि यो ग्रामथानमा भगवान् शिवको पूजा हुन्छ । यिनलाई पान सुपारी चिलिममा भरेको गाँजा, भाङ्ग र धतुरो सहितका सामग्रीद्वारा पूजा गर्दछन् । पूजा भोगदिने क्रममा भगवान् शिवपछि पार्वती, बुढासूब्बा, हात्ती, घोडाादिलाई विभिन्न सामग्री चढाउने चलन छ । यस क्रममा पार्वतीलाई एउटा कुखुराको पोथी, बुढासूब्बालाई एउटा कुखुराको भाले, गाउँघरका देवता (डेराँगेलाई) एउटा पोथी कुखुरा, हात्तीलाई दुईवटा माटाका हात्ती र पान प्रसाद, घोडालाई दुईवटा कागजको फूलघोडा एवम् पान प्रसाद चढाउँदछन् ।

धामीले विभिन्न मन्त्रोच्चारणगर्दै ग्रामथानका तर्फबाट विधिवत पूजा समापन गरेपछि बोलकबोल गरेकाहरूले आफ्नो भाकलअनुसार पूजा चढाउने चलन छ । पूजामा बलिदिएका जनावरको टाउको धामीले लैजान्छन् । जर्गनापूजा गरेदेखि मुख्य पूजा समापन भएको भोलिपल्टसम्म तीनदीन हलोकोदालो अर्थात् जोतखन गर्नुहुदैन । कुनै वर्ष केही कारणले जात्रीमेला सञ्चालन गर्ननसकिएमा पूजा मात्र भएपनि गरिन्छ । पूजा मात्रगर्दा एउटा बोका वा सुँगुर बलिचढाउँछन् । बलिचढाएको उक्त जनावरको काँचो कलेजो टुक्रा पारी नुन खोर्सानी हालेर बहेरी तिर्ने घरधुरीअनुसार वितरण गरिन्छ । घरधुरीका सदस्यले काँचै खान्छन् । नखाएमा एकदेखि दुईरूपैयासम्म जरिवाना बुझाउनु पर्दथ्यो । तर यो परम्परा हिजोआज पाइदैन ।

धिमाल जातिसँग सम्बन्धित ग्रामथान मेलाको एउटा महत्त्वपूर्ण पक्ष ढोल प्रतिस्पर्धा हो । कम्तिमा पनि १५/२० वटा ढोल बजाउनेहरूका बीचमा कसले राम्रो बजाउने भन्ने प्रतिस्पर्धा हुन्छ । यो चलन पहिलेदेखि नै चलि आएको हो । मेला स्थलको समथर क्षेत्रमा बीचमा हरियो बाँसको लिङ्गो गाडिन्छ । वरिपरिबाट घेरा हाली ढोलेहरूले ढोल बजाँउदछन् । लिङ्गो माथि टुप्पोमा रातो कपडाभित्र बाँधेर पैसा राखिन्छ । त्यो पैसा ढोल राम्रोसँग बजाउने अर्थात् पहिलो हुने व्यक्तिले लैजान्छन् । नगद उपहार दिने चलन भने पछि मात्र प्रारम्भ

भएको हो । ढोल बजाउने भएकै कारण यो मेलालाई ढङ्गढङ्गे मेला भनिएको हुनुपर्दछ । ढङ्गढङ्गे मेलाको अर्को महत्त्वपूर्ण पक्ष भनेको राम्राराम्रा कपडा र श्रृङ्गारयुक्त वस्तुले सजिएका धिमाल जातिका युवायुवतीका बीचमा भेटघाट एवम् चिनजान हो । यसबेला युवायुवतीका बीचमा देखादेख, चिनजान र वैवाहिक सम्बन्धसमेत स्थापित हुने गर्दछ । धिमाल युवायुवतीहरू मेलाभर्न सजिएर आउँदछन् । एक अर्कामा देखादेख, बोलचाल गर्नुका साथै मन मिलेमा विवाहसमेत गर्दछन् । मेलामा यदि कोही धिमाल केटाले कुनै पनि धिमाल केटीलाई मन परायो तर केटीले मन पराइन भने त्यो केटीलाई केटाले काँधमा हालेर लैजाने परम्परा केही वर्ष अघिसम्म थियो । मेलाका दिन केटाले केटी भगाएर लैजाँदा कोहीकसैले पनि बिरोध जनाउन पाउँदैन थिए । तर हिजोआज भने यो परम्परा प्रायः लोप भइसकेको छ ।

## पूजा उपासना गरिने प्रमुख देउदेउता

धिमाल लोकदेउदेउता समूहमा केही स्थानीयकरण भएका हिन्दू परम्पराका देवीदेवताका साथै भूतप्रेत, पूर्वज, ऐतिहासिक नायक, स्थानीय प्रसिद्ध व्यक्ति, प्राकृतिक वस्तु, देवीदेउराली, बाटोदोवाटो, खोला, दोभान, दयालु र रिसाहा, अन्य ससाना देवीदेवता, स्थानीय प्रसिद्ध धामीधमिनी, रुखविरुवा, पशुपंक्षी, खोलानाला, नागनागिनी पर्दछन् । यी देउदउतालाई शाको दीर (घरेलु देवीदेवता) र ग्रामदीर (ग्रामीण देउदेउता) गरी दुई स्वरूपमा वर्गीकरण गरिन्छ (दिवस, २०३५) । शाको दीरअन्तर्गत काली, देवी, चाम्सारी तथा ग्राम दीरअन्तर्गत महाराज राजसति, महाराज राधरम, राद्यम्पाल, राजा थुप्रिसिं, राजा जोला, राज रुमाल, राज भण्डार, बहादुर चौधरी, बुढाठाकुर, चौयामी, लक्ष्मी, दन्तराजा, जाउरा गेलाई, देरोगेलाई, धामी, शिकारी, माई बेराङ्ग, अन्य बेराङ्ग, गैया, संसारी, धरती, द्वारे, मूलीदेउ, ग्वाल, राजारानी, बाटबटुवार, कुपकुपेनी, धार्नी वाराङ्ग बेराङ्ग, मिस्त्री बेराङ्ग, घाटघटुवार पर्दछन् (दिवस, २०३९) ।

धिमाल आफूले मान्ने देउदेउता प्रति अगाध विश्वास राख्दछन् । शाकोदीर (घरका देवता), ग्रामदीर (गाउँका देवता), जौरागेलाई (पितृदेवता) र हिन्दू प्रभावित देवीदेउता धिमाल समुदायमा पूजा उपासनागरिने देउदेउताका प्रमुख स्वरूप हुन् (दाहाल, २०३६) । धिमाल समुदायमा पूजागरिने महाराजाका सातभाइ छन् । यद्यपि राजसति महाराजभन्दा अन्य छ भाइ कोको थिए भन्न सकिदैन । पूजागर्दा भने सातभाइकै कल्पना गरी सातवटा टीका लगाउने गर्दछन् । एउटा परेवा, हाँस अथवा सेतो पाठीको बलिसहित सातै ठाउँमा पूजा गर्नुपर्दछ (दाहाल, २०३६) । राजभण्डार महाराज ग्रामथानमा माथिका सबै देउदेउताको पूजा हुँदैन । राजा सति, महाराज वा रासती राज भण्डार महाराज, हामपाइला धामी, कौवा धामी, गुर्जुमान धामी, भगवान् शिव, पार्वती, बुढासूब्बा, डेरागेलाई, हात्ती, घोडा, स्थानीय वनजङ्गल, तथा वनस्पति, स्थानीय नदी, खोलानाला, सिमसार क्षेत्र, भूतप्रेत, चुँडेल यस थानमा पूजाउपासना गरिने प्रमुख देउदेउता हुन् ।

## पूजा सामग्री एवम् प्रसाद

राजभण्डार महाराजथानमा तामसिक र सात्विक दुवै प्रकारका वस्तुहरू पूजा सामग्री तथा प्रसादका रूपमा अर्पण गरिन्छन् । पूजा उपासना गरिने देउदेउता तथा उपासक व्यक्तिको स्वभावका आधारमा सात्विक वा तामसिक कुन वस्तु तथा सामग्री चढाउने हो त्यो निर्धारण गरिन्छ । तामसिक स्वभावका देउदेउता भए

तिनीहरूले रक्तबलि खान्छन् । त्यस्ता देउदेउताका लागि सुँगुर, बोका, पाठी, हाँस, कुखुरा, परेवाजस्ता पशुपंक्षी बलिदिनु पर्दछ। सात्विक स्वभावका देउदेउताले रक्तबलि मन पराउँदैनन्। उनीहरूका लागि विभिन्न प्रकारका मिठाई, फलफूल, खीर, पानसुपारी, श्रृङ्गारका सामग्री अर्पण गरिनु पर्दछ । त्यसोहुँदा यस थानमा मूलतः वार्षिक रूपमा लाग्ने मेला पूजाका अवसरमा सुँगुर, पाठापाठी, हाँस, कुखुरा, परेवा, अण्डा, दूध, खीर, माटाका हात्तीघोडा, कागजका फूलघोडा, त्रिशूल, घण्टा, केरा, पानसुपारी, कपडा, ऐना, काइयो, धागो, रिवन, सिन्दूर, चुरा, टीका, धूपबत्ति, अक्षता, गाँजा, भाङधतुरो, जाँडरक्सीजस्ता पशुपंक्षी तथा विभिन्न सामग्रीहरू अर्पण गरिन्छन्। देउदेउताका नाममा अर्पण गरेका कतिपय सामग्री भने थानमा नै रहन्छन्। कतिपय धामी वा पुजारीले लैजान्छन् । कतिपय भने जसले अर्पण गरेको हो पुजारीले उसैलाई प्रसादका रूपमा फिर्ता गरिदिन्छन् । फिर्ताहुने वस्तु तथा सामग्रीमा मूलतः बलि दिएका पशुपंक्षी पर्दछन् । जसको प्रयोग घरमा आयोजना गरिने भोजमा हुन्छ (अन्तर्वार्ताः इका धिमाल) ।

## धामी तथा पुजारी परम्परा

ग्रामरक्षाको अभिभारा काँधमा बोकेर कुखुरा, सुँगुर, हाँस परेवा आदि बलिदिई देवता प्रसन्न गराउने कार्य धिमाल धामी वा पुजारीको हो (दिवस, २०३५) । राजभण्डार महाराज थानमा वंशाणुक्रमका आधारमा पुजारी नियुक्ती गर्ने परम्परा छ। हाल यस थानमा साविकको केरौन गाविस हाल कानेपोखरी गाउँपालिकामा बसोवास गर्ने सिर्तीमान नाम गरेका धिमाल समुदायकै धामी छन्। प्रारम्भदेखि नै मुख्य धामीका रूपमा यिनका पुर्खाले कार्यसम्पादन गर्दैआएका हुन्। यिनीहरूलाई धामी नै भन्ने गरिन्छ। धिमालभन्दा त्यति चिनिदैनन्। यिनीभन्दा अघि क्रमशः यिनका बाबु गुर्जुमान, हजुरबुवा कौवा धामी र जिजुवाजे हामपाइला धामी थिए । प्रारम्भमा यी धामीहरू ग्रामथान रहेको बलुवाही गाउँमा नै बसोवास गर्दथे । पछि गुर्जुमान धामीका समयमा यहाँबाट बसाइँसरी केरौन गएका हुन्। यहाँ चल्ने वार्षिक मेला पूजाको ५/६ दिनअघि दुईबोतल रक्सीलिएर धामीका घरमा निम्तादिन जानुपर्दछ। यो विधिलाई धामीको शिर उठाउने भनिन्छ। धिमाल भाषामा यसलाई *शिरलो पाली ओयाङ्ग* भन्दछन्। मेला लाग्ने अघिल्लोदिन ग्रामथानमा रातभर जाग्राम बस्नु पर्दछ। यसैदिन आफ्नो घरबाट धामी आउँदछन्। माझीका घरमा धामीलाई राखिन्छ।

## प्रमुख उपासक समुदाय

धिमाल यस ग्रामथानका प्रमुख उपासक समुदाय हुन्। ग्रामथान रहेको क्षेत्रमा धिमाल बाहेक राजवंशी, क्षेत्री, ब्राम्हण लगायतका समुदायको बसोवास पाइन्छ। यद्यपि यस ग्रामथानमा धामी वा पुजारी पनि धिमाल जातिकै हुन् । ग्रामथान व्यवस्थापन समितिको अध्यक्ष पनि धिमाल जातिकै छन् । त्यति मात्र होइन, व्यवस्थापन समितिका अन्य पदाधिकारी सदस्य एवम् सल्लाहकार पनि धिमाल जातिकै छन् । मेलापर्व सञ्चालनका लागि खर्च बेहरी सदस्यबाट सङ्कलनगर्ने परम्परा छ । बेहरी सदस्यहरू पनि अधिकांश धिमाल समुदायकै छन् (अन्तर्वार्ताः गोविन्दप्रसाद बाँस्तोला) । यी सम्पूर्ण तथ्यहरूले यो ग्रामथान धिमाल जातिसँग सम्बन्धित देवस्थल हो भन्ने पुष्टि गर्दछन्। प्रमुख समुदायका रूपमा धिमालका साथै राजवंशी, मुसहर ब्राम्हण, क्षेत्री, राई, लिम्बूजस्ता अन्य समुदायले पनि यहाँ पूजाउपासना चढाउने गरेको पाइन्छ।

## ग्रामथानको नेतृत्व एवम् व्यवस्थापन पक्ष

धिमाल समुदायसँग सम्बन्धित ग्रामथान वा महाराजथान अर्थात् देरादीर थानको नेतृत्व सोही गाउँ टोलको

माझी वारङ्गले र देउन्याले गर्दछन् । विशेषतः माइखोला पश्चिमका धिमाल गाउँमा माझी वाराङ्गले र पूर्वतर्फका धिमाल टोलमा देउन्याले गर्ने परम्परा छ । माझी वाराङ्ग वा देउन्या भन्नाले धिमाल गाउँ टोलका रीतिरिवाज तथा बिहेवारीजस्ता कार्यको नीतिनियम बनाउने, गाउँमा परम्परा र धिमाल कानुन लागुगर्ने मुख्य व्यक्ति हुन् (धिमाल, २०६६) । यसै सिद्धान्तअनुसार नै यो ग्रामथानको नेतृत्वका लागि एकजना माझीको व्यवस्था गरिएको छ । माझी यो थानका महत्त्वपूर्ण व्यक्ति हुन् । स्थलगत सर्वेक्षणताका रामनारायण बङ्गलाइती धिमाल यस ग्रामथानका माझी थिए । यो ग्रामथानमा एउटा व्यवस्थापन समिति पनि छ । तत्कालीन समयमा यसका अध्यक्ष चर्तुभुज बङ्गलाइती धिमाल हुन् । यो कार्यसमिति वि.सं. २०६८ मा निर्माण गरिएको हो । ग्रामथानमा वार्षिकरूपमा लाग्ने मेलापर्वको खर्चको व्यवस्थापन उक्त कार्यसमितिले गर्दछ । धेरै पहिला प्रत्येक बेहरी सदस्यहरूबाट प्रतिबिगाह ४ आनाका दरले रूपैया सङ्कलन गरिन्थ्यो । हिजोआज बिगाहको एकसय रूपैयाका दरले सङ्कलन गर्ने गरेको छ । जग्गा नहुने सुकुम्बासी पनि यस थानका बहेरी सदस्य छन् । उनीहरूले भने प्रत्येक घरधुरी रु २५ मात्र बुझाउनु पर्दछ । वार्षिकरूपमा लगभग ५० हजार रूपैया खर्च हुन्छ । तर त्यसको व्यवस्था सरकारबाट भएको छैन । यत्रो ठूलो रकम व्यवस्थापन गर्न निकै समस्या पर्दैगएको छ । सरकारले मेलापर्वको खर्च व्यवस्था गरिदिए अत्यन्त राम्रो हुने स्थानीयहरू बताउँदछन् (अन्तर्वार्ताः शेरबहादुर धिमाल) ।

## ग्रामथान संरक्षणको अवस्था

राजभण्डार ग्रामथानको वर्तमान अवस्था नराम्रो छैन । लगभग १ बिघा क्षेत्रफलमा फैलिएको यो ग्रामथान परिसरको वातावरण असाध्य उत्कृष्ठ छ । साना ठूला रुखबृक्ष एवम् झाडीका बीचमा रहेको यो ग्रामथान वरिपरि घरगाउँ पनि छैनन् । सिमसार क्षेत्रका रूपमा यो ग्रामथान क्षेत्रलाई लिन सकिन्छ । यद्यपि यो थानका नाममा दर्ता हुन बाँकी रहेको १० कठ्ठा जमिनको दर्ता, सम्पूर्ण जमिन क्षेत्रको घेराबेरा, शौचालय, बिजुलीपानी, पूर्वतर्फबाट प्रवेश गर्नसकिने मार्ग, बाटोमा ग्रावेल, सिमसार क्षेत्रको संरक्षण एवम् माछापालन विस्तारजस्ता अत्यावश्यक कार्यहरू यथाशीघ्र सम्पन्न गर्नुपर्ने देखिन्छ । यस बाहेक मेलापर्व सञ्चालनका लागि प्रत्येक वर्ष थोरैमा पनि ५० हजार खर्च लाग्ने गरेकाले सो खर्चको व्यवस्थापन पनि राज्य सरकारले गरिदिनु पर्दछ । यसो गर्नसके यो ग्रामथानको भौतिक संरचनाका साथै धार्मिक सांस्कृतिक महत्त्वले निरन्तरता पाउन जाने सम्भावना देखिन्छ ।

## निष्कर्ष

ग्रामथान ग्रामीण क्षेत्रमा सामूहिकरूपमा देवोपासनका निम्ति स्थापना गरिएका देवस्थल हुन् । गाउँमा सबै गाउँवासी एकीकृतभई व्यक्तिगत एवम् साझा उद्देश्य प्राप्तिका लागि देउदेउता प्रतिष्ठापित गरेका धार्मिक स्थललाई ग्रामथान भनिन्छ । मोरङ्ग जिल्लामा यस्ता देवस्थललाई महाराजथान पनि भन्ने चलन छ । यी देवस्थलहरूमा विभिन्न ग्रामदेउदेउताहरूको पूजाउपासना गर्दछन् । जातीय मूल्य-मान्यता, रीतितिथि, परम्परा प्रचलनअनुसार देउदेउताका नाम र रूपमा पार्थक्य पाइन्छ । समग्रमा पूर्वज, पितृ वा पुर्खा गाउँका ख्याति प्राप्त व्यक्ति, कुलनायक, ठाकुर, सरदार, परी तथा अप्सरा, धामी धमियन, पशुपंक्षी, खोलानाला, बनजङ्गललाई देउदेउताको रूपमा थानहरूमा पूजाउपासना गर्दछन् ।

ग्रामथान दैनिक रूपमा पूजा उपासना उतिधेरै हुँदैन । कोहीकसैले बोलकबोल गरेको भए जुनसुकै दिन पनि भाकलअनुसारको बलिपूजा अर्पण गर्न सक्दछन् । त्यसबेला सम्बन्धित थानका पुजारी वा धामीको उपस्थिति

नहुन सक्दछ । वार्षिकरूपमा चल्ने मेलापर्व भने ग्रामथान पूजा उपासनाको विशिष्ट सांस्कृतिक परम्परा हो । वार्षिक मेला कुनै बार र कुनै गतेको आधारमा लाग्दछन् । नयाँवर्षका रूपमा बैशाख १ गते बाट थान पूजाको क्रम चल्दछ । बैशाख मोरङ्ग जिल्लामा ग्रामथान मेलापूजाको महिना हो । केही थानमा त जेठ असारमा पनि मेला चल्दछ । वार्षिकरूपमा लाग्ने मेलालाई थारु जातिले सिरुवा पावनी, राजवंशीले सिरुवाधाम र धिमाल जातिले जात्रिमेला वा ढङ्गढङ्गे मेला भन्दछन् ।

राजभण्डार महाराजथान मोरङ्ग जिल्लाको महत्त्वपूर्ण ग्रामथान हो । यस थानका प्रमुख उपासक समुदाय धिमाल हुन् । धिमाल समुदायका पुजारी छन् । वार्षिकरूपमा यस ग्रामथानमा असार महिनाको २ गते मेला लाग्दछ । मेलाभर्न ग्रामथान वरपरका राजवंशी, थारु, क्षेत्री, ब्राम्हण, राई, लिम्बू, मगर, मुसहरजस्ता समुदायका मानिसहरू पनि ठूलो सङ्ख्यामा आउँदछन् । यस थानमा राजसतिमहाराज, राजभण्डार महाराज, हामपाइला धामी, कौवा धामी, गुर्जुमान धामी, भगवान् शिव, पार्वती, बुढासुब्बा देराङेलाई, हात्ती, घोडा, स्थानीय बनजङ्गल, खोलाको पूजा गरिन्छ । देउदेउताको स्वभावअनुसार हाँस, कुखुरा, परेवा, सुँगुर बलि दिन्छन् । सिन्दूर, काइयो, टीका, रिवन, गाँजा, भाँग, खीर र पान सुपारीजस्ता पूजा सामग्री चढाइन्छ । स्थानीयहरूले ग्रामथान संरक्षण तथा मेलापर्व व्यवस्थापनगर्न एउटा सञ्चालक समितिको गठनगरेका छन् । थानको संरक्षण तथा वार्षिक सञ्चालनका लागि आवश्यक पर्ने नगद तथा जिन्सीको व्यवस्थापन गर्ने दायित्व उक्त सञ्चालक समितिको हो ।

## सङ्कलित केही तस्वीर



शेरबहादुर धिमालसँग सोधपुछ गर्दै ।




थानका पदाधिकारीको नामावली ।



ग्रामथान क्षेत्र ।



ग्रामथानको पूजा कोठामा रहेका पूजा सामग्री ।

## सन्दर्भ सामग्री


खतिवडा, सोमप्रसाद. (२०६७). मोरङ्गको ग्रामथान पूजा र सिरुवा मेला. *प्रज्ञा.* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान. ४० (१०३): ८१-८६ ।

खतिवडा, सोमप्रसाद. (२०६८). *मोरङ्गको सांस्कृतिक पर्यटन, सम्भावना र चुनौतीहरू.* विराटनगरः अनुसन्धान विकास केन्द्र नेपाल ।

दाहाल, डिल्लीराम. (२०३६). *धिमाल लोकजीवन अध्ययन.* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दाहाल, महेशराज. (२०७०). *मोरङ्ग जिल्लामा प्रचलित ग्रामथान पूजाः एक समाजशास्त्रीय अध्ययन. बज्रवाणी* काठमाडौंः वज्र इन्टरनेश्नल कलेज. २ (१). १९-२३ ।

दिवस, तुलसी. (२०३५). *प्रदर्शनकारी धिमाल लोकसंस्कृति,* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दिवश, तुलसी. (२०३९). *धिमाल लोकधर्म र संस्कृति,* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दुलाल, लोकनाथ. (२०७०). *मोरङ्ग जिल्लामा ग्रामथान पूजा परम्पराः एक सांस्कृतिक अध्ययन.* काठमाडौंः त्रि.वि. शिक्षाध्यक्षको कार्यालय. अनुसन्धान महाशाखा. अ.प्र. प्रतिवेदन ।

दुलाल, लोकनाथ. (२०७३). *मोरङ्ग जिल्लामा ग्रामथान पूजा परम्परा एवम् त्यसको महत्त्व र उपयोगिता,* ललितपुरः पाटन सङ्ग्रहालयको कार्यक्रममा मिति २०७३-०९-१ मा प्रस्तुत कार्यपत्र ।

दुलाल, लोकनाथ. (२०७४).ग्रामथान पूजाका अमूर्त सांस्कृतिक पक्ष.*मधुपर्क* अमूर्त संस्कृति विशेषाङ्क. ५०. ५७६ (१). ९३-९६ ।

दुलाल, लोकनाथ. (२०७५). मोरङ्ग जिल्लामा ग्रामथान पूजाः इतिहास र अभ्यास, *Voice of Culture.* काठमाडौंः संस्कृति विभाग, पद्मकन्या बहुमुखी क्याम्पस. (VIII). ६९-८८ ।

दुलाल, लोकनाथ. (२०१९). रणपाल महाराज थानः साँस्कृतिक अध्ययन. *UP to DATE* Research Journal. Kathmandu: UP to Date Publication. 6 (2). ३-१६ ।

दुलाल, लोकनाथ. (२०७७).*ग्रामथान पूजा परम्परा र संस्कृति.* ललितपुरः इन्द्रकला भण्डारी ।

दुलाल, लोकनाथ. (२०२०). राजा सतिमहाराज थान. *Voice of Kutumba,* A Peer Reviewed Multidisciplinary Journal. Kathmandu: Kutumba Collage of management and humanities, 6 (2). 91-102.

धिमाल, सोम. (२०६६). *धिमाल इतिहास भाग १.* मोरङ्गः धिमाल जाति विकास केन्द. केन्द्रीय कार्यालय ।

पोखरेल, बालकृष्ण र अन्य (सं). (२०४०). *वृहत्त नेपाली शब्दकोश.* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

रेग्मी, ऋषिकेशवराज. (२०३५).*एक स्रोत तीन धारा.* ललितपुरः साझा प्रकाशन ।

Bashu, N. (ed.) (1986). *The Encyclopedia Indica* (Vol-6) Delhi: B. R. Publication Corporation.